# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण देहाय बमोजिम रहेको छ ।

विवरण सार्वजनिक गरेको अवधि २०७४/०१/०१ देखि मिति २०७४/०३/३१ सम्म

**१. निकायको स्वरुप र प्रकृति :**

सन्राईज बैंक लिमिटेड कम्पनी ऐन २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०६३ बमोजिम संचालित "क" वर्गको बाणिज्य बैंक हो ।

**२. निकायको काम कर्तव्य र अधिकार :**

सन्राईज बैंक लिमिटेडको काम कर्तव्य र अधिकार बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०६३ ले तोके बमोजिमका रहेका छन् ।

**३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :**

यस बैंकमा हाल कार्यरत रहेको कर्मचारी संख्या ९५६ रहेको छ । बैंकको व्यबस्थापन समुह, विभाग प्रमुख, शाखा प्रबन्धकहरुको कार्य विवरण समय समयमा बैंकले तोके बमोजिम रहने छ । व्यवस्थापन समुह, विभाग प्रमुख, शाखा प्रमुखहरुको नाम र पद http://wwww.sunrisebank.com.np/management-team.html मा हेर्न सकिनेछ ।

**४. निकायबाट प्रदान गरिने सेवा :**

सन्राईज बैंक लिमिटेडले प्रदान गर्ने सेवाहरुमा बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०६३ बमोजिम "क" वर्गको बाणिज्य बैंकले दिन सक्ने सम्पूर्ण बैंकिङ्ग सेवाहरु रहेका छन् । साथै बैंकले प्रदान गर्ने सेवाहरु जस्तैः निक्षेप/कर्जा/लगानी/विप्रषण/प्रतितपत्र/बैंक जमानत लगायत समय सापेक्ष परिमार्जन गरिएको सेवा सुविधाहरुको विवरण http://wwww.sunrisebank.com.np मा उपलव्ध छ ।

**५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**

बैंकले गत आ.ब. हरुमा नारायणी नेशनल फाइनान्स लिमिटेडलाई र एन.आई.डि.सि क्यापिटल मार्केट्स लि. प्राप्ति गरेको र सो पश्चात बैंकको शाखाहरुको सञ्जाल ७१ पुग्न गएको छ र उक्त शाखाहरुले प्रदान गर्ने सेवा र जिम्मेवार अधिकारीहरुको विवरण बैंकको वेभसाईट http://wwww.sunrisebank.com.np/branch-managers.html मा उपलव्ध छ ।

**६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :**

यस बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि यस बैंकको वेभसाईट http://wwww.sunrisebank.com.np/schedule-of-charges.html मा उपलव्ध छ ।

**७. निर्णय गर्ने प्रक्रिया र अधिकारी :**

बैंकिङ कारोवारका सम्बन्धमा विभिन्न तहका अधिकारीहरुले विभिन्न प्रकारका निर्णय गर्न सक्ने गरि बिकेन्द्रीकृत व्यवस्था मिलाइएको छ । दैनिक कार्य संचालनका लागि प्रमुख कार्यकारी अधिकृत तथा बैंकको संचालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेका छन् ।

**८. निर्णयउपर उजुरी सुन्ने अधिकारी :**

निर्णयउपर उजुरी सुन्ने अधिकारीको व्यवस्था बैंकको संगठनात्मक संरचना अनुरुपनै विभिन्न तहमा रहने गरि मिलाइएको छ । साथै बैंकका प्रत्येक शाखा कार्यालयहरुमा एउटा "सुझाव पेटीका" राखि गुनासो, उजुरी तथा सुझावहरु संकलन गरी नियमित रुपमा यस्ता गुनासा, उजुरी तथा सुझावहरु समाधान/कार्यान्वयन गर्ने गरिएको छ । केन्द्रीकृत रुपमा प्रमुख कार्यकारी अधिकृत उजुरी सुन्ने अधिकारीको रुपमा रहनु हुनेछ ।

## ९. सम्पादन गरेको कामको विवरण :

यस बैंकले, बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम 'क' वर्गका बाणिज्य बैंकहरुले सम्पादन गर्न सक्ने सम्पूर्ण बैंकिङ्ग कारोवारहरु सम्पादन गर्दै आईरहेको छ । उक्त सम्पादित कार्यहरु मध्ये केही कामहरुको विवरण नमुनाको रुपमा बैंकको वेभसाईटको NEWS & EVENTS , REPORTS लगायत बैंकको फेसबुक पेज https://www.facebook.com/SunriseBank/ तथा अन्य खण्डहरुमा पाउँन सकिनेछ ।

## १०. सूचना अधिकारीको नाम र पद :

| | |
|---|---|
| नाम | श्रीमती आशा राणा अधिकारी |
| पद | नायब महाप्रबन्धक |
| सम्पर्क नम्बर | ००९७७-०१-४००४५६१/६२/६३/६४, एक्टेन्शन : १०६ |
| इमेल | asha.adhikary@sunrisebank.com.np |

बैंकको सूचना अधिकारीको नाम, पद र अन्य जानकारी बैंकको वेभसाईट http://wwww.sunrisebank.com.np/information-officer.html मा तथा कार्यलयमा पनि उपलब्ध छ ।

## ११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :

प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरुको अधिनमा रहेर बैंकले तयार गरेका ऐन, नियम, विनियम वा निर्देशिकाहरुको सूची बैंकको वेभसाईट http://wwww.sunrisebank.com.np/list-of-policies-guidelines.html मा उपलब्ध छ ।

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण :

बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण बैंकको वेभसाईटको REPORTS खण्डमा उपलब्ध छ ।

## १३. तोकिए बमोजिमको अन्य विवरण:

सनराइज बैंकले चुक्तापूँजीको ३०% हकप्रद शेयर मिती २०७४/२/१६ देखि २०७४/३/१९ सम्म दरखास्त खुल्ला राखि मिती २०७४/३/३० गते बाँडफाँड गरिएको तथा बैंकको हालको चुक्तापूँजी रु. ७ अर्ब २ करोडको हाराहारीमा रहेको छ ।

## १४. अघिल्लो आर्थिक बर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण:

यस बैंकले बैंकिङ कारोवार र सो सम्बन्धी आवश्यक कारोवार तथा संस्थागत सामाजिक उत्तरदायित्व अन्तरगतका कार्यक्रमको विवरण यस बैंकको वेब साईटमा राखिएको जानकारी गराउँदछौं ।

## १५. सार्वजनिक निकायको वेवसाइट भए सोको विवरण

wwww.sunrisebank.com.np

## १६. सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान एवं प्रविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण

यस बैंकले आफ्नो साविकको बैकिङ्ग सफ्टवेयर (T-24) लाई परिवर्तन गरी नयाँ बैंकिङ्ग सफ्टवेयर फिन्याकल (Finacle) जडान गर्ने सम्बन्धी सम्झौता पत्र कास ट्रेडिङ्ग प्रा.लि., काठमाण्डौ र विविएसएसएल ईण्डिया प्रा.लि. संग प्राविधिक सहयोगमा जडान र सम्झौता गरी हाल संचालन भईसकेको, साथै बैंकको डाटा सेन्टर र डिजास्टर रिकोभरी केन्द्र समेत आउटसोर्स गरी डाटा सेन्टर काठमाण्डौंमा र रिकोभरी केन्द्र भैरहवामा स्थापना गरिएको छ र सो सम्बन्धी थप कार्यहरु भईरहेको ।

## १७. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन

बैंकको वेब साईटमा राखिएको ।

**१८.सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि**

बैंकको सफ्टवेयरमा रेकर्ड भएका सूचना तथा तथ्याङ्गहरु सधैंका लागि सुरक्षित रहने तथा अन्य सूचना तथा दस्तावेजहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, नियम तथा प्रचलित कानून बमोजिम सुरक्षित राख्ने ब्यबस्था गरिएको छ ।

**१९. सार्वजनिक निकायमा परेका सूचनाको माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण**

सम्बन्धित ग्राहकले माग गरेका विवरण बैंकको नियमानुसार तत्काल उपलब्ध गराउने गरिएको र यस्ता विवरणहरु दैनिक रुपमा ठुलो मात्रामा हुने भएकोले सम्बन्धित ग्राहकको फाइलमा रेकर्ड राख्ने गरिएको छ । अन्य सूचनाहरु एसएमएस बैंकिङ्ग, मोबाईल बैंकिङ्ग तथा ई-बैंकिङ्ग को सेवा लिई ग्राहकले आफै हेर्न सक्ने ब्यबस्था मिलाईएको छ ।

**२०.सार्वजनिक निकायको सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएमा भए सोको विवरणः**

बार्षिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित भई बैंकको वेवसाइटमा समेत प्रकाशन गरिने व्यवस्था रहेको छ । साथै बैंकको आर्थिक विवरणहरु व्याजदर सम्बन्धी विवरणहरु आदि त्रैमासिक रुपमा विभिन्न राष्ट्रिय पत्रपत्रिकामा प्रकाशित गरी बैंकको वेबसाइटमा समेत प्रकाशित गरिदै आएको छ । अन्य आवश्यक सूचना तथा विवरणहरु बैंकले राष्ट्रियस्तरको पत्रपत्रिकाहरुमा तथा सामाजिक संजाल अन्तर्गत बैंकको आधिकारीक फेसबुक पेज (https://www.facebook.com/SunriseBank/) मा प्रकाशन गरि सर्वसाधारणलाई समयमै जानकारी गराउने गरेको छ ।

सनराइज बैंक लिमिटेड
SUNRISE BANK LIMITED
RISING TO SERVE
www.sunrisebank.com.np

पोष्ट बक्स नं : १५२०३ , सन्राईज प्लाजा, गैह्रिधारा कसिङ, काठमाडौं, नेपाल
टेलिफोन नं : ९७७-१-४००४५६०।६१।६२।६३।६४
Toll Free नं : १६६००१२२४४४
फ्याक्स नं : ९७७-१-४४२२४७५, E-Mail: info@sunrisebank.com.np